राष्ट्रिय समाचार समिति
National News Agency
Central Office

च.नं. ५४/०७९/०८०

मिति : २०७९।१०।१५

श्री सञ्चार तथा सूचना प्रविधि मन्त्रालय
प्रेस तथा सूचना समन्वय शाखा
**सिंहदरबार, काठमाडौं ।**

**विषय : स्वत : प्रकाशन व्यवस्था सम्बन्धमा ।**

उपर्युक्त सम्बन्धमा सूचनाको हकसम्बन्धी ऐन, २०६४ को दफा ५(३) र सोको नियमावलीको नियम (३) बमोजिम सार्वजनिक निकायहरूले सम्पादन गरेका कार्यहरूको प्रगति विवरण प्रत्येक तीन/तीन महिनामा अद्यावधिक गरी स्वत: प्रकाशन गर्नुपर्ने व्यवस्था भए अनुसार यस समितिमा मिति २०७९ साल कात्तिक, मङ्सिर र पुस महिनामा देहायबमोजिमको कार्यसम्पादन भएको व्यहोरा सम्बन्धित सबैको जानकारीका लागि यो सूचना प्रकाशित गरिएको छ ।

(शीतलप्रसाद महतो)
कार्यकारी व्यवस्थापक

Tele: 977-1-4262736, 4262724, 4262628, 4262550, 4262539 P.O. Box : 220, Singhadurbar Plaza, Kathmandu, Nepal
Web: rssnepal.org.np, E-mail: rssmail@rss.com.np, rssrssadm@gmail.com

## राससमा २०७९ साल कात्तिक, मङ्सिर र पुस महिनामा भएका प्रमुख कामको विवरण

१. समाचार, फोटो तथा अडियो सामग्री सम्प्रेषणको विवरण

| क्र.सं. | महिना | नेपाली समाचार | अंग्रेजी समाचार | अन्तर्राष्ट्रिय समाचार | राष्ट्रिय फोटो | अन्तर्राष्ट्रिय फोटो | अडियो | भिजुअल क्लिप |
|---|---|---|---|---|---|---|---|---|
| १ | कात्तिक | २६०६ | ७५४ | ३८१ | २६७७ | ४०४५ | ८५ | ३०७ |
| २ | मङ्सिर | २५८७ | ८३३ | ३८१ | २२०१ | ३९१५ | ७५ | ३१८ |
| ३ | पुस | २६७१ | ८७८ | ३८८ | ३१३३ | ५८५० | ८५ | ३४९ |
| जम्मा | | ७,८५५ | २,४६५ | २२५० | ७,८९३ | १३,८१० | २४५ | ९७४ |

२. निर्वाचनसम्बन्धी समाचार संकलन तथा सम्प्रेषण कार्य २४सै घण्टा सञ्चालन भएको । नेपाली समाचार ७ दिन र अँग्रेजी समाचार ५ दिनसम्म सम्प्रेषण भएको ।

३. सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सचिव डा वैकुण्ठ अर्यालबाट उद्घाटन गरी दुई दिने रासस कर्मचारी सेवा प्रवेश अभिमुखीकरण कार्यक्रम सञ्चालन भएको । सो कार्यक्रममा डा अर्यालले मिडियाको पनि मिडियाका रूपमा रहेको राष्ट्रिय समाचार समिति (रासस) को सेवालाई थप व्यावसायिक, गुणस्तरीय र विश्वसनीय बनाउनुपर्ने बताउनुभयो । उहाँले रासस समाचार बनाउने 'न्यूज मेकर' संस्था भएकाले यसबाट प्रवाह हुने सेवा राष्ट्रिय जिम्मेवारी र दायित्वबोधलाई ध्यानमा राखेर पेसागत व्यवसायिकताका साथ क्रियाशील हुन कर्मचारी पत्रकारलाई आग्रह गर्नुभयो । दुई दिने अभिमुखीकरण कार्यक्रममा नयाँ पत्रकार तथा कर्मचारीलाई राससको संस्थागत संरचना, काम र सेवाबारे जानकारी दिइयो ।

४. स्थानीय समाचारदाताहरूका लागि 'भिडियो खिच्दा ध्यान दिनुपर्ने बूँदाहरू'बारेको निर्देशिका जारी गरिएको ।

५. सूचना तथा सञ्चार प्रविधि मन्त्रालयका सचिव डा बैकुण्ठ अर्यालको प्रमुख आतिथ्यमा संसद्मा रिपोर्टिङ गर्ने समाचारदाताको क्षमता विकास गर्ने उद्देश्यले समितिमा 'संसदीय समाचार सङ्कलन प्रशिक्षण' कार्यक्रम सम्पन्न भएको ।

६. राससका नायब महाप्रबन्धक श्यामप्रसाद रिमालद्वारा प्रस्तुत गरिएको राससको स्वामित्वमा रहेको झापाको काँकारभिट्टास्थित जग्गामा नेपाल सूचना केन्द्र निर्माणसम्बन्धी प्रस्तावलाई सञ्चालक बैठकले अनुमोदन गरी सो जग्गामा बहुउपयोग हुने भवन निर्माणका लागि बजेट व्यवस्थापन गरी नेपाल सूचना केन्द्र निर्माण गरिदिन सञ्चार तथा सूचना प्रविधि मन्त्रालयलाई आग्रह गरिएको ।

७. रासस सेवाग्राही शाखाले तयार पारेको रासस समाचार सेवा शुल्क निर्धारण निर्देशिका-२०६६ (दोस्रो संशोधन, २०७९) मस्यौदालाई विभागीय प्रमुखको २०७९ मङ्सिर २८ गतेको बैठकले पारित गरेको सन्दर्भमा सो मस्यौदालाई सञ्चालक बोर्डको मिति २०७९ मङ्सिर २९ गतेको बैठकले स्वीकृत गरेको ।

८. राससको ६२औँ वार्षिकोत्सव भव्यताका साथ मनाउने सन्दर्भमा आयोजना गरिने विविध कार्यक्रमको रूपरेखा तयार गरी समितिमा प्रस्तुत गर्न राससका कार्यकारी अध्यक्ष श्री धर्मेन्द्र झाको संयोजकत्वमा १३ सदस्यीय मूल समारोह समिति गठन गरिएको ।

०९. राससको ६२औँ वार्षिकोत्सवका अवसरमा रासस विगतदेखि वर्तमानसम्म (२०१८ देखि २०७९) पुस्तक प्रकाशन गर्न र राससको शैलीपुस्तिका परिमार्जन गर्न सम्पादन मण्डल गठन गरिएको ।

१०. २०७९ मङ्सिर ४ गते सम्पन्न प्रतिनिधिसभा तथा प्रदेशसभाको निर्वाचनका सन्दर्भमा राससले सङ्कलन र सम्प्रेषण गरेका निर्वाचनसम्बन्धी नेपाली र अङ्ग्रेजी समाचारको सङ्ग्रह निर्वाचन आयोग नेपाललाई हस्तान्तरण गरिएको ।